Received Date: Dec. 2024 Revised: Jan. 2025 Accepted: Feb. 2025

# तनहुँ राज्यको राजनैतिक इतिहास

**तिलु थापा (श्रेष्ठ) पिएचडी.**
उपप्राध्यापक, इतिहास केन्द्रीय विभाग, त्रि.वि.
tilushrestha872@gmail.com
DOI: 10.3126/hj.v16i1.76378

**सार**

*नेपालको उत्तर मध्यकालमा साना ठूला गरी ५२ भन्दा बढी राज्यमा विभाजित थियो । ती राज्यहरुमध्ये तनहुँ राज्य गण्डकी प्रश्रवण क्षेत्रमा अवस्थित चौबिसी राज्य अन्तर्गत पर्दथ्यो । तनहुँ राज्यको स्थापना पाल्पाका राजा मुकुन्दसेन प्रथमका साहिला छोरा भृङ्गी सेनले वि.सं.१६१० मा गरेका थिए । चौबीसी राज्यहरू बीच तनहुँ राज्य आर्थिक रूपमा सबल र सामारिक रूपमा महत्वपूर्ण राज्य मानिन्थ्यो । तनहुँ राज्यमा पहाडी र तराई दुवै प्रकारका भूभागहरु पर्दथे । तराई भूभागको सिमाना भारतको विहार प्रान्तसँग जोडिएको हुँदा भारतबाट अंग्रेजहरु तनहुँको तराई भूभाग हुँदै काठमाडौँ उपत्यका छिर्न सक्ने सम्भावना गोरखाका राजा पृथ्वीनारायण शाहले देखेका थिए । यस कुरालाई मध्यनजर गरेर तनहुँ राज्य सधैँ गोरखा राज्यको निगरानीमा रह्यो । पटक पटक गोरखा राज्यको आक्रमणको सामना गर्नु पर्दा तनहुँ राज्य कमजोर बन्दै गयो । अन्तत्वगत्व, वि.सं.१८३९ कार्तिकमा तनहुँ राज्य नेपाल अधिराज्यमा एकीकरण भयो । शक्तिशाली राज्यको रूपमा गोरखा राज्यको उदय, तनहुँ राज्यको कमजोर प्रशासनिक व्यवस्था, गोरखा राज्यको शक्ति र कुटनैतिक क्षमता चिन्न र बुझ्न नसक्नु तनहुँ राज्यको पतनका कारण थिए । त्यस राज्यमा वि.सं.१६१० देखि १८३९ (२२९ वर्ष) सम्म नौ जना सेनवंशी राजाहरुले राज्य गरेका थिए । राज्य नरहे पछि तनहुँ राज्यका अन्तिम राजा हरकुमारदत्त सेन भागेर आफ्नो पुर्ख्यौली जमिन्दारी रहेको भूभाग भारतका चम्पारन पुगे । त्यहाँ गएको केही समयपछि उनी चम्पारनको रामनगरमा सानो राज्य बनाई राजा भएर बसे । तनहुँ राज्यको उत्पत्ति, त्यहाँका राजाहरु, लमजुङ, कास्की, पर्वत जस्ता छिमेकी राज्यहरुसँग तनहुँ राज्यको सम्बन्धलाई गोरखा राज्यसँगको युद्ध र तनहुँ राज्यको पतन जस्ता तनहुँ राज्यको राजनैतिक इतिहासको संक्षिप्त जानकारी दिनु प्रस्तुत लेखको उद्देश्य रहेको छ । प्रस्तुत लेख प्राथमिक र द्वितीय स्रोतको प्रयोग गरी तयार गरिएको छ । यसको प्रस्तुतिकरण व्याख्यात्मक र विश्लेषणात्मक ढाँचामा गरिएको हुनाले यो गुणात्मक अनुसन्धान हो ।*

*शब्दकुञ्जी :* त्रितुङ्ग, द्वारोगा, रजबन्दकी, लालमोहर, सिर्तो ।

वर्तमान तनहुँ जिल्ला संघीय गणतन्त्र नेपालको प्रदेश नं. ४ गण्डकी प्रदेश अन्तर्गत रहेको छ । यस जिल्लाको सदरमुकाम दमौली हो । काठमाडौँदेखि पश्चिम र पोखरादेखि पूर्वमा पर्ने तनहुँ जिल्ला नेपाल कै केन्द्रबिन्दुमा रहेको छ । यो जिल्ला ऐतिहासिक, धार्मिक राजनैतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक र पर्यटकीय सबै दृष्टिकोणबाट महत्वपूर्ण छ । लिच्छवीकालमा नेपाल विशाल भूभागमा फैलिएको हुँदा केन्द्र (भक्तपुर) बाट नै सबै ठाउँमा प्रशासन चलाउन सम्भव थिएन । त्यसैले गण्डकी वारीसम्म केन्द्रबाट प्रत्यक्ष शासन चलाउने व्यवस्था थियो भने गण्डकी पारीका प्रान्तहरुमा प्रशासन

चलाउनको लागि केन्द्रबाट सामन्तहरु नियुक्त गरिएका हुन्थे (वज्राचार्य, वि.सं.२०१९) । त्यस समय गण्डकी भनेको हालको बाग्लुङ र पर्वत जिल्लाको सिमानाको रूपमा रहेको काली गण्डकी हो भन्ने आमधारणा रहेको छ । तनहुँ कालीगण्डकी वारी पर्ने भएकोले लिच्छवी कालमा तनहुँमा केन्द्रद्वारा प्रत्यक्ष शासन चल्ने देखिन्छ । लिच्छवी वंशका शासक जयदेव द्वितीया पछि शासकहरु कमजोर बन्दै गए । केन्द्र कमजोर भएपछि प्रान्तका सामन्त शासकहरु शक्तिशाली बने । त्यसपछि नेपालमा तीन वटा शक्तिशाली राज्यहरु देखा परे । ती राज्यहरु काठमाडौं उपत्यकामा नेपालमण्डल सिम्रौनगढमा डोय राज्य र कर्णाली प्रदेशमा खस मल्ल राज्य थिए । जुम्लाको सिञ्जालाई राजधानी बनाएर खसहरुले राज्य गरेकोले त्यसलाई खस राज्य पनि भनिन्छ (आचार्य, वि.सं.२०६३) । यस राज्यको स्थापना तिब्बतको खारी प्रदेशबाट आएका नागराजले बाह्रौं शताब्दीको आरम्भतिर गरेका थिए । तेह्रौं शताब्दीमा नागराजका वंशज अशोक चल्लले आफ्ना शक्तिशाली सेना 'सर्वगामिनी बाहिनी' द्वारा विजय गरेर गण्डकी प्रदेशलाई सिञ्जा राज्यको अधिनमा ल्याए (अधिकारी, वि.सं.२०४३) । त्यसबेला देखि नै गोरखा लगायत तनहुँ, लमजुङका भूभागहरु सिञ्जा राज्यको अधिनमा आएको देखिन्छ । सिञ्जा राज्यको विशाल भूभागमा केन्द्रबाट प्रत्यक्ष शासन गर्न असम्भव भएपछि जुन ठाउँमा जुन जातिको बाहुल्यता र प्रभाव छ, त्यही जातिको नाइके (मुखिया) लाई त्यहाँको प्रशासन चलाउने जिम्मा दिइयो । प्रशासन चलाएवापत मुखियाले केन्द्रका सिञ्जा राज्यलाई सिर्तो (दाल, चामल, घिउ) को रूपमा कर बुझाउनु पर्दथ्यो । तनहुँमा मगर जातिको बाहुल्यता भएकोले मगर नै त्यहाँका मुखिया भए । त्यति बेला तनहुँबाट मानिसहरु सिर्तो लिएर जुम्लाको राजधानी सिञ्जा जाने गर्दथे भनिन्छ (थापा (श्रेष्ठ), वि.सं.२०७८) ।

वि.सं.१३९१-९२ तिर अभय मल्ल राजा भएको समयमा मलय बर्माले सिञ्जा राज्यमा अधिकार गरेर आफ्ना छोरा मेदिनी बर्मालाई 'महामण्डलेश्वर' बनाए (अधिकारी, वि.सं.२०४३) । त्यसपछि बर्माहरुले सिञ्जा राज्यलाई टुक्र्याएर स्वतन्त्र राज्यहरु स्थापना गर्दै लगे । यही टुक्रिने क्रमा तनहुँ पनि सिञ्जाको अधिनबाट मुक्त भएर स्वतन्त्र मगर ठकुराई बनेको देखिन्छ । पाल्पाका राजा मुकुन्द सेन प्रथमले जित्नुभन्दा अगाडिको करिब एक डेढ सय वर्ष तनहुँमा मगर जातिको स्वतन्त्र राज्य थियो भनिन्छ । कर्णाली प्रदेशका खस मल्ल राज्य कमजोर बन्दै गएपछि गण्डकी प्रश्रवण क्षेत्रको पाल्पामा रुद्र सेनले शक्तिशाली राज्य स्थापना गरे । उनका छोरा मुकुन्द सेन विषिजिगु थिए । उनले काठमाडौं उपत्यका विजय अभियानमा जाने क्रममा बाटामा पर्ने गोरखा, धादिङ, तनहुँ जितेर पाल्पा राज्य अन्तर्गत राखे (अधिकारी, वि.सं.२०५५) । यसरी तनहुँको स्वतन्त्र मगर राज्य पाल्पा राज्यको अधिनमा पुग्यो । मुकुन्द सेनले आफूले बिजय गरेर पाल्पा राज्यमा गाभेका सबै भूभागहरुलाई प्रशासनिक रुपमा विभाजन गरी आफ्ना छोरा तथा नातीहरुलाई विभिन्न क्षेत्रको प्रशासन हेर्ने जिम्मा दिएर पठाए (घिमिरे, वि.सं.२०४५) । यसै क्रममा तनहुँ क्षेत्रको प्रशासन हेर्ने जिम्मा उनका छोरा भृङ्गी सेनले पाए । बाबु मुकुन्द सेनको मृत्यु पछि पाल्पाको राजगद्दिमा उनका जेठा छोरा माणिक्य सेन बसे । भृङ्गी सेनले दाजु माणिक्य सेनको अधिनमा बसेर तनहुँको प्रशासन चलाउन चाहेनन् । त्यसैले उनले तनहुँ क्षेत्रलाई पाल्पा राज्यबाट स्वतन्त्र भएको घोषणा गरी वि.सं.१६१० मा तनहुँ राज्यको स्थापना गरेर त्यहाँका पहिलो राजा भए (आचार्य, वि.सं.१९९७) । त्यसपछि तनहुँ एउटा छुट्टै राज्यको रुपमा अस्तित्वमा आयो ।

तनहुँमा सेन वंशले शासन गरिरहेको समयमा नेपालमा ५२ वटा भन्दा बढी राज्यहरु अस्तित्वमा थिए । यी राज्यहरु गण्डकी प्रश्रवण क्षेत्रमा २४ वटा, कर्णाली प्रश्रवण क्षेत्रमा २२ वटा, काठमाडौं उपत्यकामा ३ वटा राज्यहरु र पुर्वमा ३ वटा सेन राज्यहरु थिए । यीमध्ये सेन वंशले राज्य गर्ने तनहुँ राज्य चौबिसी राज्य अन्तर्गत पर्दथ्यो । तनहुँ राज्यको सिमाना पूर्वमा मर्स्याङ्दी नदी, पश्चिममा मादी

नदी, उत्तरमा मिर्लुङ्कोट र दक्षिणमा छिम्केश्वरी डाँडासम्म पहाडी खण्डको सिमाना थियो भने त्रिशुली र कालीगण्डकीको दोभानमा रहेको देवघाटदेखि पूर्व दक्षिण खण्डमा तराई खण्ड पर्दथ्यो (आचार्य, वि.सं.१९९७) । तनहुँ राज्य आर्थिक, धार्मिक, सामाजिक तथा सांस्कृतिक सबै क्षेत्रमा सम्पन्न थियो । यस राज्यको गृष्मकालीन राजधानी तनहुँसुर र शीतकालीन राजधानी देवघाट थियो । तनहुँका राजा आफ्ना सम्पूर्ण परिवार लिएर पुष, माघ, फाल्गुन तीन महिना देवघाटमा गएर बस्दथे (रेग्मी, ई.१९७८) ।

तनहुँ राज्यको आर्थिक, सामाजिक तथा सांस्कृतिक अवस्थाभन्दा प्रशासनिक अवस्था त्यति बलियो देखिँदैन । प्रशासनिक व्यवस्था कमजोर भएकै कारण गोरखा राज्यले तनहुँ राज्य माथि पटक पटक आक्रमण गरेको थियो । यस राज्यको प्रशासनिक पदाधिकारीहरुमा राजा, रानी लगायत युवराज, काजी, गुरु तथा पुरोहित, ज्योतिषी, सरदार, दिवान, खजाञ्ची, कारीगर, खरिदार, फौजदार, द्वारे/कुभिण्डे, द्वारोगा (घरपालुवा, जनावरहरुको खरिद बिक्री गर्ने र तोपखानाको निरीक्षण गर्ने), मुन्सी (जिन्सी वस्तुको हिसाब राख्ने) आदि थिए (थापा (श्रेष्ठ), वि.सं.२०७८) । गोरखा राज्यको आक्रमणबाट आफ्नो राज्यलाई सुरक्षित गराउन तनहुँका राजाहरुले लमजुङ, पाल्पा, पर्वतसँग मिलेर गोरखा राज्यको विरुद्धमा गुटबन्दी गरी गोरखाको भूभागमा पटक-पटक आक्रमण गरे, इष्ट इण्डिया कम्पनीसँग सामिप्यता बढाए । यिनै कारणहरुले गर्दा तनहुँका अन्तिम राजा हरकुमारदत्त सेनको शासनकाल (वि.सं.१८३९ कार्तिक) मा रणबहादुर शाहको नायवी ग्रहण गरेकी राजमाता राजेन्द्रलक्ष्मी शाहले तनहुँ राज्य नेपाल अधिराज्यमा एकीकरण गरिन् । राज्य नरहे पछि राजा हरकुमारदत्त सेन भागेर भारत प्रवेश गरी पश्चिम चम्पारनको रामनगर स्थित आफ्नो पुर्ख्यौली जमिन्दारीमा बस्न थाले । केही समयपछि उनले रामनगरमा सानो राज्य स्थापना गरी राजा भए । त्यस राज्यमा उनी र उनका उत्तराधिकारीहरुले करिब सय वर्ष राज्य गरेको देखिन्छ ।

उत्तरमध्यकालीन इतिहासमा महत्वपूर्ण राज्यको रूपमा रहेको तनहुँ राज्यको इतिहास लेखनकार्य पछाडि परेको छ । प्रस्तुत लेख 'तनहुँ राज्यको राजनीतिक इतिहास' लेख्नुको उद्देश्य हालसम्म विस्तृत रूपमा अध्ययन अनुसन्धान नभएका तनहुँ राज्यको स्थापना, चौबिसी राज्य बिच तनहुँ राज्यको महत्व, भूमिका र तनहुँ राज्य नेपाल अधिराज्यमा एकिकरणका साथै तनहुँ राज्यको राजधानी 'तनहुँसुर' दरबार परिसरमा रहेको इतिहास सम्पदाहरुको जानकारी जनसमक्ष ल्याउनु रहेको छ ।

## विधि

प्रस्तुत लेख तनहुँ राज्यको उत्पत्ति, त्यहाँका सेनवंशी राजाहरु, गोरखाको विजयी अभियान, तनहुँ राज्यको पतन र तनहुँको सेनकालीन दरबार परिसरमा रहेका ऐतिहासिक सम्पदा आदि विषयसँग सम्बन्धित ऐतिहासिक अध्ययन हो । यो अध्ययन गुणात्मक ढाँचामा आधारित रहेको छ । यस अध्ययनमा प्राथमिक र द्वितीय स्रोतहरुको प्रयोग गरिएको छ । प्राथमिक स्रोतका रूपमा अन्तर्वार्ता, स्थलगत अवलोकन र विद्यावारिधिको अप्रकाशित शोध-प्रबन्ध र द्वितीय स्रोतका रूपमा रहेका सामग्रीहरु पुस्तक, जर्नल, पत्रपत्रिका, लेख आदिबाट स्रोत सङ्कलन गरिएको छ । यो अध्ययन ए.पि.ए. सातौं संस्करण ढाँचामा आधारित रहेर तयार गरिएको छ । यो लेख अन्वेषणात्मक, वर्णनात्मक र विश्लेषणात्मक ढाँचामा आधारित रहेर तयार गरिएको छ ।

## छलफल र विश्लेषण

'तनहुँ' शब्दको उत्पत्ति सम्बन्धमा विभिन्न भाषाशास्त्री तथा विद्वान्हरुको भनाइमा एकरूपता पाइँदैन । कसैले भौगोलिक अवस्थितिको आधारमा त कसैले भाषागत आधारबाट 'तनहुँ' को नामकरण

भएको मान्दछन् । भाषागत आधारबाट तनहुँको नामकरण संस्कृत भाषा र मगर भाषाबाट भएका हो भने छुट्टाछुट्टै मत पाइएको छ । संस्कृत शब्दको 'तृतुङ्गम' बाट 'त्रितुङ्ग' शब्द भएको मानिन्छ । 'त्रितुङ्ग' को अर्थ तीनवटा चुचुरो भन्ने हुन्छ (पराजुली, वि.सं.२०७२) । तनहुँसुरमा जस्तै खालका तीनवटा पहाडका चुचुराहरु छन् । प्रारम्भमा ती चुचुराहरुलाई 'त्रितुङ्ग' भनियो र कालान्तरमा तनुङ, तन्हौ, तनुहुङ वा तनहुँ भन्न थालिएको पाइन्छ (घिमिरे, वि.सं.२०५६) । त्यसै गरी संस्कृत शब्दबाट नै तनहुँलाई 'त्रिश्रृङ्ग' पनि भनिएको पाइन्छ (राजवंशी, वि.सं.२०२०) । रिसिङ शब्दको संस्कृत रूप 'त्रिश्रृङ्ग' हो (आचार्य, वि.सं.१९९७) । धेरै पहिले रिसिङमा 'श्रृङ्ग' नाम गरेका ऋषिले तपस्या गर्दथे । त्यही श्रृङ्ग शब्द अपभ्रंश भएर रिसिङ नामकरण भएको जनश्रुती पाइन्छ । वर्तमान समयमा रिसिङ तनहुँ जिल्लाको एउटा गाउँपालिका हो) । रिसिङ राज्य तनहुँ राज्यमा गाभिएपछि तनहुँलाई 'त्रिश्रृङ्ग' भनिएको हुन सक्छ । त्यस्तै गरी मगर भाषाबाट तनहुँ शब्दको नामकरण भएको भनिन्छ । यस सम्बन्धी किम्वदन्तीअनुसार प्राचीन समयमा तनहुँ राज्यको राजधानी भएको ठाउँ तनहुँसुरमा सानो चिउँडो भएको ऋषिले तपस्या गर्दथे भने मानुङ अर्थात् मानुङडाँडा (तनहुँ जिल्लाको सदरमुकाम दमौली बजारभन्दा माथिको डाँडा)मा ठूलो चिउडो भएको ऋषिले तपस्या गर्दथे । यी ऋषिहरुलाई स्थानीय मगर भाषामा 'तनुहनु' र 'महाहनु' भनिन्थ्यो । तनुहनुबाट 'तनहुँ' र महाहनुबाट 'मानुङ' नाम रहन गएको हो भनिन्छ (घिमिरे, वि.सं.२०५६) । यी किम्वदन्ती हुन्, यसलाई पुष्टि गर्ने आधार पाएको छैन । मानुङको नामकरण सम्बन्धमा स्थानीय बासीहरूको भनाईअनुसार मानुङ कोट (डाँडा) निकै अग्लो भएकोले हिँडेर जान निकै अप्ठ्यारो थियो ( अहिले मानुङ डाँडासम्म पुग्न सडक बाटो बनेको छ र यो पर्यटकीय गन्तव्य स्थान बनेको छ) । मानुङ कोटमा पहिलादेखि नै उल्लेख्य रूपमा मगर जातिको बसोबास छ । त्यहाँ बोलिने ढुट मगर भाषामा 'नुङले' भनेको जान्छु र 'मानुङले' भनेको जाँदिन भन्ने हुन्छ (पद्मा आले, *अन्तर्वार्ता*, वि.सं.२०८० आश्विन १०) । अप्ठ्यारो, उकालो बाटो जाँदिन भन्न प्रयोग हुने मानुङले शब्दको 'ले' प्रत्यय कालान्तरमा हटेर त्यस ठाउँको नाम मानुङ रहन गएको देखिन्छ ।

पाल्पाका राजा मुकुन्द सेन प्रथमले गण्डकी प्रश्रवण क्षेत्र विजय गरी पाल्पा राज्यमा गाभेपछि तनहुँ पाल्पा राज्यको स्थानीय इकाइको रूपमा रह्यो । जीवनको उत्तरार्धतिर मुकुन्द सेनको राज्य प्रशासनमा भन्दा धर्मकर्मतिर झुकाव बढ्दै गएपछि आफूले जितेको पाल्पा राज्यको विशाल भूभागलाई प्रशासन चलाउन सजिलोका लागि विभिन्न इलाकामा आफ्ना छोरा तथा भतिजाहरुलाई प्रशासन चलाउने जिम्मा दिए । तनहुँ इलाकाको प्रशासन चलाउने जिम्मा उनका साहिला छोरा भृङ्गी सेनले पाएका थिए । मुकुन्द सेनको मृत्युपछि भृङ्ग सेनले वि.सं.१६१० मा तनहुँ राज्यको स्थापना गरे । तनहुँ राज्यको स्थापनादेखि राज्य नेपाल अधिराज्यमा एकीकरण हुँदा (वि.सं.१८३९) सम्मको करिब २२९ वर्षको अवधिमा त्यहाँ नौ जना सेनवंशी राजाहरुले राज्य गरेका थिए ।

भृङ्गी सेन पाल्पाका राजा मुकुन्द सेन प्रथमको साहिली रानी प्यूठानकी राजकुमारी महिमावतीतर्फका साहिला छोरा थिए (राजवंशी, वि.सं.२०२०) । यिनको नाम विहंग सेन पनि लेखिएको पाइन्छ (ह्यामिल्टन, वि.सं.१९९८) । तनहुँ भेकको प्रशासन हेर्ने जिम्मा पाएका भृङ्ग सेनले बुबा मुकुन्द सेनको मृत्युपछि वि.सं.१६१० मा तनहुँलाई पाल्पा राज्यको अधिनबाट मुक्त गरी स्वतन्त्र तनहुँ राज्यको स्थापना गरे (आचार्य, वि.सं.१९९७) । राज्य स्थापना पछि उनले तनहुँको 'सुर' लाई राजधानी बनाए तत्कालीन समयमा राज्यको सुरक्षाको दृष्टिकोणले राज्यको राजधानी पहाडको टाकुरामा बनाउने प्रचलन थियो । सेन राज्यकालमा तनहुँ राज्यको राजधानी रहेको ठाउँलाई तनहुँसुर नभनी 'तनहुँकोट' भन्ने गरिएको पाइन्छ । त्यसैले केही पुराना कागजपत्रहरूमा तनहुँका राजाहरूलाई 'तनहुँकोट्या' भनी लेखिएको

भेटिन्छ (आचार्य, वि.सं.२०६१) । तनहुँमा स्वतन्त्र राज्य स्थापना गरेपछि भृङ्गी सेनले आफूलाई राजकाज गर्न सहयोग होस भनेर पाल्पाबाट गुरु पुरोहित, भाइ भारदार, सुसारेहरु तनहुँमा ल्याए (आचार्य, वि.सं.२०६६) । त्यसपछि तनहुँ राज्यमा मगर बाहेक ब्राह्मण, ठकुरी, क्षेत्री, खवास जातिहरुको बसोबास हुन थाल्यो ।

भृङ्गीसेनको राज्यकालमा तनहुँ राज्य अन्तर्गत पहाड खण्ड र चितवनको भावर प्रदेश पनि पर्दथ्यो । चितवनसँगै जोडिएको रामनगरको १५ तप्पा जमिन पनि तनहुँको पुर्ख्यौली जमिन्दारी थियो । ती क्षेत्रहरुमा प्रशस्त उब्जनी हुन्थ्यो । त्यसैले चौबिसी राज्यका अन्य राज्यहरुभन्दा तनहुँ राज्यको आर्थिक अवस्था राम्रो थियो । तनहुँ राज्यको स्थापना भएको ६ वर्ष पछि गोरखाका गणेश पाण्डे लगायत शक्तिशाली भारदारहरुले अन्य स्थानीयवासीको सहयोग लिएर वि.सं.१६१६ मा लमजुङका अधिराजकुमार द्रव्य शाहलाई गोरखाको राजा बनाए (आचार्य, ई.१९९७) । नयाँ बनेको गोरखा राज्यमा मर्स्याङ्दीदेखि बुढी गण्डकीसम्मको तनहुँ राज्यको केही भूभाग समावेश गरिएको थियो । तर भृङ्गी सेनले आफ्नो गुमेको भूभाग फिर्ता ल्याउने कुनै पहल गरेको देखिएन । त्यसैले पछिसम्म पनि उक्त भूभाग गोरखा र तनहुँराज्य बीच विवादको कारण बनिरह्यो ।भृङ्गीसेनकी जेठी रानी जाजरकोटे पुरुषोत्तम शाहकी छोरी, माहिली रानी मुसीकोट विश्वनाथ सिंहकी छोरी गुणवती र कान्छी रानी प्यूठानकी राजकुमारी जया गरी तीन वटी रानीहरु थिए (उपाध्याय, ई.१९७९) । उनकी माहिली रानीतिरबाट जन्मिएका छोरा हम्बीरसेन भृङ्ग सेनको उत्तराधिकारी बने । भृङ्ग सेनको मृत्यु वि.सं.१६२८ मा भएको देखिन्छ (उपाध्याय, ई.१९७९) ।

भृङ्गी सेनको मृत्युपछि वि.सं. १६२८ मा हम्बीर सेन तनहुँका राजा भए । युवराज हुँदा नै यिनी लामो समयसम्म रामनगर र चितवनका प्रशासक भर काम गरी प्रशासनिक अनुभव लिएका थिए । तराइको गर्मीले गर्दा यिनको स्वास्थ त्यति राम्रो थिएन भनिन्छ (उपाध्याय, ई.१९५०) । हम्बीर सेनलाई राजकाजमा ठूलो मद्दत पुऱ्याउने योग्य मन्त्री (काजी) रणभञ्जन थापा र सेनापती दलमर्दन थापा थिए । तनहुँ र बेतीया बीच बराबर युद्ध भइरहँदा उनीहरुले विरतापूर्वक लडेर तनहुँको चम्पारन रामनगरका १५ तप्पा जमिन सुरक्षित राखे (उपाध्याय, ई.१९५०) ।

तनहुँका राजाहरूमा सबभन्दा बढी समय राज्य गर्ने राजा हम्बीर सेन हुन् । उनले करिब ५९ वर्ष तनहुँ राज्यको राजगद्दीमा बसेर विलासीपूर्वक जीवन बिताएको देखिन्छ । उनको नौ वटी विवाहित रानीहरु थिए । जेठी रानी लक्ष्मावती तिरबाट तीनजना छोराहरु-त्रिविक्रम सेन, गोविन्द सेन र नारायण सेन, र ठाइली रानी रत्नावतीतिरबाट दुई छोराहरु मधुसुदन सेन र कृष्ण सेन देखिन्छन् । त्यस्तै माहिली रानी हेमावती तिरबाट पद्मावली र साहिली रानी पहुवावतीबाट मानवता, कृष्णावती र विष्णावती नामकी छोरहिरु देखिन्छन् (राजवंशी, वि.सं.२०२०) । जेठी रानी तिरका जेठा छोरा त्रिविक्रम सेन त उनका उत्तराधिकारी नै भए । ठाइली रानीतिरका जेठा छोरा मधुसुदन सेनलाई उनले रिसिङको प्रशासक बनाएर पठाएका थिए । पछि मधुसुधन सेनले रिसिङलाई तनहुँ राज्यबाट स्वतन्त्र रहेको घोषणा गरी आफू त्यहाँका राजा बने (खनाल, वि.सं.२०६१) । यस अघि रिसिङ राज्यमा रामपाल सेन (मुकुन्द सेनका भतिजा) को राज्य थियो । उनको निःसन्तान अवस्थामा नै मृत्यु भएपछि रिसिङ राज्य तनहुँ राज्यमा गाभिएको थियो । तर सौतेनी मामलाले दरबारभित्र किचलो बढ्दै गएपछि हम्बीर सेनले मधुसुधन सेनलाई रिसिङ ईलाका दिन बाध्य भए । यसरी घरायसी झगडाको कारण तनहुँ राज्यमा गाभिइसकेको रिसिङ पुनः छुट्टै राज्य बन्न पुग्यो । दरबारभित्रको आन्तरिक तनावको बीच हम्बीर सेनको मृत्यु वि.सं.१६८७ मा भएको पाइन्छ (आचार्य, ई.१९९७) ।

राजा हम्बीर सेनको मृत्युपछि वि.सं. १६८७ मा त्रिविक्रम सेन तनहुँको राजा भए (आचार्य, १९९७) । यिनलाई तुलासेन पनि भनिएको पाइन्छ (राजवंशी, वि.सं.२०२०) । यी राजा पछि पाँचौ पुस्ताका राजाको नाम पनि त्रिविक्रम सेन नै रहेकाले यी राजालाई त्रिविक्रम सेन प्रथम र पछिकालाई त्रिविक्रम सेन द्वितीय भनिएको छ । राजा त्रिविक्रम सेन प्रथमले असल जातका घोडा छान्ने तरिका र घोडाको अङ्ग परीक्षण सम्बन्धमा वि.सं.१६९४ मा 'अश्वपरिक्षणम' नामक हस्तलिखित ग्रन्थ लेखेका थिए ( अधिकारी, वि.सं.२०५५) । त्यसैले राजा तुला सेन घोडाका सौखिन थिए भन्ने देखिन्छ । यिनका दरबारमा असल जातका घोडाहरु प्रशस्त रहेको बुझिन्छ ।

राजा त्रिविक्रम सेन प्रथमको राज्यकालमा गोरखा राजाहरु राम शाह र उनका छोरा डम्बर शाहले तनहुँ राज्यमाथि आक्रमण गरेका थिए । गोरखा राज्य स्थापना हुँदा मर्स्याङ्दीदेखि बुढीगण्डकी बीचका तनहुँका केही भूभाग मिचेको थियो । त्यही भूभाग राजा तुला सेन आफ्ना सेना पठाएर कब्जा गरे (आचार्य, ई.१९९७) । यो थाहा पाउनासाथ रामशाहले आफ्नो गोरखाली सेना पठाएर उक्त भूभाग तनहुँको कब्जाबाट मुक्तगरे । गोरखाली सेना सतिघाट तरेर तनहुँको सेनालाई लखेट्दै राजधानी सुरसम्म पुगे । राजा तुलासेन गोरखाको आक्रमणको सामना गर्न नसकेर आफ्नो राजगद्दि नै छाडी रिसिङतिर भागे । राजा नै मागेपछि गोरखाली सेनाले तनहुँमा लुटपाट गरेर फर्किए । राम शाहको मृत्युपछि "अब मैले आनन्दसँग शासन गर्न पाउने भए" भन्ने तनहुँका राजा तुलासेनको अभिव्यक्तिलाई लिएर गोरखाका नवनियुक्त राजा डम्बर शाहले "मेरो पिताको देहान्तमा तनहुँका राजा खुशी भएको भनी" रिसाएर तनहुँराज्यमाथि आक्रमण गरे । यसपटक पनि तुला सेनले गोरखाको आक्रमणको सामना गर्न नसकि पहिला जस्तै राज्य छाडेर रिसिङतिर भागे । फेरी पनि गोरखाली सेनाले तनहुँमा रहेका बहुमूल्य सामान लुटेर फर्किए (पन्त, वि.सं.२०४१) । असफल भए पनि राजा तुलासेनले आफ्नो गुमेको पुर्ख्यौली भूभाग फिर्ता ल्याउन प्रयत्नसम्म गरेका थिए । राजा तुलासेनकी रानी तुलसावतीबाट प्रतापसेन र माधवसेन दुई छोरा जन्मेका थिए । युवराज अवस्थामा नै यिनका दुवै छोराहरुको मृत्यु भएकाले उनको मृत्यु पछि नाती (प्रतापसेनका छोरा) दामोदर सेन तनहुँका राजा भए ।

आफ्ना पिता प्रताप सेनको राज्यरोहण नहुँदै मृत्यु भएकोले वि.सं.१७१० मा दामोदर सेन तनहुँको राजगद्दिमा बसे । दामोदर सेन तनहुँका राजा भएको समयमा राजपुर राज्यको राजपरिवार उत्तराधिकारी विहिन भएकाले यो राज्य तनहुँ राज्यमा गाभियो । राजपुर राज्यको स्थापना सम्बन्धी बाबुराम आचार्यको भनाईअनुसार पाल्पाका राजा मुकुन्द सेन प्रथमले आफ्ना नाती चन्द्र सेनलाई राजपुरको प्रशासक बनाएर पठाएका थिए । मुकुन्द सेनको मृत्युपछि अन्य राज्य जस्तै राजपुर पनि स्वतन्त्र राज्य बन्यो (आचार्य, ई.१९९७) । तर सेन वंशावलीमा मुकुन्द सेन प्रथमले आफ्नै छोरा कुँवर सेनलाई राजपुरको प्रशासन हेर्ने जिम्मा दिएका थिए भनिएको छ । यिनले नै राजपुरलाई स्वतन्त्र राज्यको रूपमा अस्तित्वमा ल्याएका थिए । राजपुर राज्यका राजाहरु क्रमशः कुवेर सेन; अनिरुद्र सेन, राम सेन, चन्द्र सेन, अर्जुन सेन, सुल्तानसेन र मुकुन्द सेन भए राजा मुकुन्द सेनको 'निः सन्तान अवस्थामा नै मृत्यु' भयो (राजवंशी, वि.सं.२०२०) । यसपछि राजपुर राज्य तनहुँ राज्यमा गाभिएको हो । राजपुर राज्य तनहुँमा गाभिएपछि तनहुँ राज्यको तराई भूभाग निकै फराकिलो भयो । यसले तनहुँको आर्थिक अवस्था पनि सबल बन्यो ।

तनहुँका राजाहरूमध्ये दामोदर सेन दुरदर्शी तथा कुशल शासक देखिन्छन् । उनले गोरखासँगको सम्बन्ध सुदृढ गर्न आफ्नी छोरी मल्लिकावतीको विवाह गोरखाका राजा पृथ्वीपती शाहका छोरा यूवराज विरभद्र शाहसँग गरिदिए (पन्त, वि.सं.२०४१) । यो विवाह कहिले भयो एकिन हुने स्रोत भेटिएको छैन ।

विवाह पछि युवराज वीरभद्रशाह पशुपतीनाथको दर्शन गर्न काठमाडौँ उपत्यका गए । त्यस समय उनकी रानी मल्लिकावती गर्भवती थिइन् । स्वामी नभएपछि उनी आफ्नो माइत तनहुँमा गएर बसेकी थिइन । युवराज विरभद्र शाहको काठमाडौबाट फर्कँदै गर्दा बाटोमा नै मृत्यु भयो । उनको मृत्यु भएको केही समयपछि नै तनहुँ राज्यमा नरभूपाल शाहको जन्म भएको हो । राजा दामोदर सेनले पहाडी राज्यहरु गोरखा, पर्वत, लमजुङ, कास्कीका साथै उपत्यकाका ललितपुरसँग पनि मैत्रीसम्बन्ध स्थापित गरेका थिए । यसकारण राज्य बलियो बनाउन अन्य राज्यसँग मैत्री सम्बन्ध राख्न आवश्यक छ भन्ने उनको नीति देखिन्छ । दामोदर सेनका दश जना विवाहित र १६ जना भित्रिनीहरु थिए । तीमध्ये रानी दामावतीबाट जन्मेको छोरा दिग्विजय सेन हुन् (राजवंशी, वि.सं.२०२०) । वि.सं. १७५३ मा दामोदर सेनको मृत्यु भएपछि दिग्विजय सेन तनहुँका राजा भए ।

दामोदर सेनको मृत्युपछि उनका जेठा छोरा दिग्विजय सेन वि.सं.१७५३ मा तनहुँ राज्यका राजा भए । दामोदर सेन राजा भएकै समयमा राजपुर राज्य तनहुँमा गाभिएको उल्लेख माथि गरियो । त्यसपछि तनहुँ राज्यको भूभाग मुगल साम्राज्यसँग जोडिन पुग्यो । तत्कालीन मुगल वादशाह औरङ्गजेवसँग तनहुँका राजा दिग्विजय सेनको सम्बन्ध बढ्दै गयो । उता वेतियाका राजाले पहिलेदेखि नै तनहुँको तराई भूभाग र राजपुरमा दुःख दिइरहेका थिए । दिग्विजय सेन राजा भएपछि वेतियाका राजा दिलिप सिंहले तनहुँका उक्त भूभागहरुमा पुनः उपद्रव मच्चाउन थाले । वेतियाका राजाको हस्तक्षेपबाट छुटकारा पाई आनन्दसँग राज्य चलाउनका लागि दिग्विजय सेनले बादशाह औरङ्गजेवसँग सहयोग मागे । औरङ्गजेवले तनहुँको तराई भूभाग र राजपुरमा दिलिपसिंहको हस्तक्षेपलाई रोकिदिए (खनाल, वि.सं.२०६१) । यसका साथै औरङ्गजेवबाट उनले 'राजा' को पदवी र केही जागीर पनि पाए (घिमिरे, वि.सं.२०५८) । चौबिसी राज्यका राजाहरुमा मुगलबाद शाहबाट 'राजा' उपाधि पाउने तनहुँका राजा दिग्विजय सेन मात्र देखिन्छन् । तर त्यसको वदलामा दिग्विजय सेनले साढे नौ हातको एक हात्ति, घिउ, मह, चाँवल, दुई सय कलशी र सत्र कस्तुरीको विना वार्षिक कर औरङ्गजेवजलाई बुझाउनु पऱ्यो (उपाध्याय, ई.१९७९) । बेतियाका राजाले दिएको दुःखबाट छुटकारा पाउन दिग्विजय सेन हतारमा औरङ्गेवको शरणमा गएको देखिन्छ । यही कारणले गर्दा तनहुँका राजाहरूले उनको राज्यकालदेखि मुगल वादशाहलाई वर्षेनी कर तिर्नु पर्ने भयो ।

दिग्विजय सेनले मुगल वादशाहहरुसँग सम्बन्ध बढाउन थालेपछि तनहुँको तराई खण्डमा मात्र नभई पहाडी खण्डमा पनि मुसालमानहरुको आवतजावत बढ्न थाल्यो । मुसलमान व्यापारीहरु चम्पारनबाट चितवन हुँदै तनहुँ, गोरखा, कास्की, धादिङ, नुवाकोट र काठमाडौँ उपत्यकासम्म व्यापार गर्न थाले (अधिकारी, वि.सं.२०५५) । दिग्विजय सेनले यी मुसलमानहरूलाई व्यापार गर्न प्रोत्साहित गरी बसोबास गर्नका लागि आफ्नै तनहुँ राज्यको सम्जुर भन्ने गाउँमा बस्ने व्यवस्था मिलाई दिए (रामबहादुर अधिकारी, *अन्तरवार्ता,* २०७३ जेष्ठ २९) । हालसम्म सम्जुरमा मुसलमानहरुको बाक्लो बस्ती रहेको छ । ती मुसलमानहरूले पछिसम्म पनि महिलाहरुले लगाउने चुरा पोते, टिका, हिन्दु र लगायत चुरोट झोलामा बोकेर गाउँ गाउँमा गएर बिक्री गर्दथे । त्यसैले उनीहरुलाई 'चुरेटा' भन्ने गरियो । दिग्विजय सेनका सातवटा रानी र दुईवटी भित्रिनी थिए । तीमध्ये पर्वतका समाल राजपुत्र दिलिप मल्लकी छोरी तिलोत्तमाबाट राजकुमार कामराजदत्त सेनको जन्म भयो (राजवंशी, वि.सं.२०२०) । वि.सं.१७७१ मा दिग्विजय सेनकोमृत्युपछि यिनका छोरा कामराजदत्त सेन तनहुँका राजा भए । पिता दिग्विजय सेनको जस्तै कामराजदत्त सेनको पनि मुगल दरबारसँग नजिकको सम्बन्ध रह्यो । यिनी राजा हुँदा मुगलबादशाह फरुखशिपर थिए । यिनले फरुखशिपरबाट चम्पारनको १५ तप्पा र गोरखपुर जिल्लाको ठूलो वस्तीको कर उठाउने अधिकार पाएका थिए, जसको बदलामा उसले वर्षेनी १९,०००।- (उन्नाइस हजार रुपैयाँ मात्र)

दिल्ली सम्राटको राजकोषमा बुझाउनु पर्दथ्यो (अधिकारी, वि.सं.२०५५) । यसबाट तनहुँ राज्य एकातिर शक्तिशाली बन्दै गएको पनि देखियो भने अर्कोतिर मुगल बादशाहको वशमा पर्दै गएको पनि देखियो ।

गोरखाका राजा नरभूपाल शाह र तनहुँका राजा कामराजदत्त सेन फुपु र मामाका छोराहरु थिए । नर भूपाल शाह तनहुँका राजा दामोदर सेनकी छोरी मल्लिकावतीका छोरा हुन् भने कामराजदत्त सेन दामोदर सेनका नाती दिग्विजय सेनका छोरा हुन् । नरभूपाल शाहको जन्म तनहुँ राज्यमा भएको थियो । वि.सं.१७७० मा नरभूपाल शाह तनहुँबाट गोरखा ल्याइएको थियो (सुवेदी, वि.सं.२०५२) । तनहुँका भारदारहरूले नरभूपाल शाहलाई तनहुँमा नै राखेर गोरखामा आक्रमण गर्ने उद्देश्य राखे तापनि गोरखाली भारदारहरूले नरभूपाल शाहकी धाई सुसारेहरूको मद्दत लिएर नरभूपाल शाहलाई तनहुँबाट गोरखामा लगिएको थियो । पृथ्वीपति शाहको देहान्त पछि वि.सं.१७७३ मा नरभूपाल शाह गोरखाको राजगद्दिमा बसेका थिए । राजा कामराजदत्त सेनले आफ्नी छोरी सुभद्रावतीको विवाह गोरखाका राजा नरभूपाल शाहसँग गरिदिए (सुवेदी, वि.सं.२०५२) । कामराजदत्त सेनले लमजुङका राजा केहरीनारायण शाहकी छोरी यज्ञश्वरीसँग विवाह गरेका थिए । उनैको गर्भबाट त्रिविक्रम सेन द्वितीयको जन्म भएको हो (आचार्य, ई.१९९७) । कामराजदत्त सेनले वि.सं.१७९८ सम्म तनहुँमा राज्य गरे ।

राजा कामराजदत्त सेनको मृत्युपछि उनका छोरा त्रिविक्रम सेन द्वितीय वि.सं.१९९८ मा तनहुँका राजा भए (आचार्य, ई.१९९७) । यिनी राजा भएको अर्को वर्ष वि.सं.१८९९ मा पृथ्वीनारायण शाह गोरखाका राजा भए । त्यसैले पृथ्वीनारायण शाह र त्रिविक्रम सेन द्वितीय समकालीन राजा रहे । यी दुवै राजाहरू महत्वकांक्षी थिए । यी दुई राजाहरू बीचको सम्बन्ध सधैं जसो घोचपेच र तनावपूर्ण नै रह्यो । राजा त्रिविक्रम सेन द्वितीय विद्यानुराषी थिए । यिनको दरबारमा विद्वान्हरूको कदर हुन्थ्यो । उनले टाढा टाढाका विद्वान्हरू झिकाएर शास्त्रार्थ गराउँथे । यिनले संस्कृत भाषामा 'ब्रह्मविद्याभरण' जपविधि, 'पूजातिलकम' ग्रन्थ रचना गरेका थिए (घिमिरे, वि.सं.२०४५) । यिनको राजकालमा दरवारमा शास्त्रार्थ गर्ने गंगा विष्णु ब्राह्मणले वि.सं.१८०९ मा 'आचारदिपक' नामक पुस्तक लेखे । उक्त पुस्तक, धर्मशास्त्र सम्बन्धी भए पनि तनहुँका राजाहरुको संक्षिप्त वंशावली पनि दिइएको छ (राजवंशी, वि.सं.२०२०) । राजा त्रिविक्रम सेनले दरबार परिसरमा रहेको विष्णुको मन्दिरमा ढलोटको घण्ट चढाएका थिए । संवत १८२४ आश्विनमा चढाएको उक्त घण्टमा राजा त्रिविक्रम सेन, रानी पद्मकुमारी र मन्त्री लोकेश्वरको नाम कुँदिएको छ । मन्दिरभित्र रहेको विष्णुको मूर्ति वि.सं.२०३७ सालतिर चोरी भएपछि सुरक्षाको दृष्टिकोणबाट उक्त घण्ट हाल तनहुँसुरमा रहेको गाउँ विकास समितिको भवनमा राखिएको छ (स्थलगत अवलोकनको आधारमा) ।

राजा त्रिविक्रम सेन शितकालीन समयमा देवघाटमा मुकाम रहेको बेला पृथ्वीनारायण शाहकी भित्र्यानी रानी स्वभावतीलाई क्षयरोग लागेको हुनाले काशीवास पठाउँदा देवघाटको बाटो जाँदै गर्दा त्रिविक्रम सेनले पाल्की अड्याई ती रानीको घुम्टो उघारेर हेरे । त्यो रिस फेर्न र तनहुँका राजा त्रिविक्रिम सेनको शेखी झार्न पृथ्वीनारायण शाहले उपत्यका हान्न के गर्दा सजिलो होला भन्ने विषयमा तनहुँका राजा त्रिविक्रम सेनसँग सरसल्लाह गर्नु छ हजुरले भेट्ने व्यवस्था मिलाई दिन पऱ्यो भनी गुरु गौरेश्वरसँग अनुरोध गरे । गुरु गौरेश्वर पन्त पृथ्वीनारायण शाहका पिता नरभूपाल शाह र तनहुँका राजा त्रिविक्रम सेन द्वितीय दुवै राजाका गुरु थिए । गुरुलाई पृथ्वीनारायण शाहको भनाइ मुनाशिव लाग्यो र दुवै जनालाई त्रिशुलीको किनार स्थामिरघाटमा भेट्ने व्यवस्था मिलाईदिए (ज्ञवाली, वि.सं.२०३३) । यता पृथ्वीनारायण शाहले भेट गर्ने निश्चित स्थानमा पहिला नै त्रिशुली नदि किनारको बालुवामुनी हातहतियार लुकाएर राख्न आफ्ना सेनालाई निर्देशन दिए । दुवै राजाको भेटघाट भए पछि पृथ्वीनारायण शाहले

देवघाटको कुरा एक्कासी ल्याएर त्रिविक्रम सेनसँग जँगिए । त्रिविक्रम सेनले कुनै स्पष्टीकरण दिन नपाउँदै पृथ्वीनारायण शाहले आफ्ना सैनिकलाई ईसारा गरे । ईसारा बुझेका सैनिकहरूले बालुवाबाट हातहतियार झिकेर निःशस्त्र राजाका अंगरक्षक र सैनिकमाथि हमला गरे । राजा त्रिविक्रम सेनलाई समातेर नुवकोट पुऱ्याएर केही वर्ष कैद गरे (अधिकारी, वि.सं.२०५५) । पृथ्वीनारायण शाहको त्यस कार्यले गोरखा र तनहुँ बीचको सम्बन्ध नराम्रोसँग बिग्रियो ।

राजा त्रिविक्रम सेन द्वितीयको वि.सं.१८०० देखि वि.सं.१८२६ सम्मको १६ वटा चिठीपत्र एउटा अभिलेख र एउटा लालमोहर प्रकाशित भइसकेका छन् (पन्त, वि.सं.२०३९) । तीमध्ये वि.सं.१८०० वैशाख सुदि १० मा पुरकोटमा रामकृष्ण धौलाडीलाई सिम्लेको १ मुरी धान आउने र एउटा घडेरी ३६७ रुपैयाँमा राजबन्धकी गरेका, वि.सं.१८०९ माघ सुदि ५ मा विश्वरूप आचार्यलाई खेत विर्ता गरेका, वि.सं.१८१५ माघ सुदि ११ मा हिरा पन्तलाई कर्लुङ थुमको १ मुरि ४० को खेत ९८ रुपैयाँ सिक्कामा राजबन्दकी दिएका, वि.स.१८१६ जेष्ठ यदि १४ मा गुणानन्द पन्तलाई विर्ता दिएका, वि.स.१८१७ पौषसुदि४ मा कृष्णदेव पण्डितलाई विभिन्न ठाउँको १६० मुरी खेत ६०१ सिक्कामा राजबन्धकी दिएका, वि.सं.१८१८ वैशाख सुदि ५ मा उतिस्वा टमाटालाई जागिर दिएका, वि.सं.१८२० फाल्गुन सुदि ८ मा गुणान्द पन्तलाई भार बकस दिएका, वि.सं.१८२१ चैत्रसुदि १० मा जघुपति पोखरेललाई सिमकोट मुरी २०० र डुम्रे खेत मुरी ८० (२८० मुरी) खेत ३३० रुपैयाँमा रजबन्दकी दिएका र वि.सं.१८२६ वैशाख सुदि ५ मा गुणानन्द पन्तलाई विर्ता दिएका थिए (पन्त, वि.सं.२०३९) । राजा त्रिविक्रम सेन द्वितीयका पद्यकुमारी देवी, प्रभावती, लक्ष्मी कान्ता र इश्वरी गरी चार जना रानीहरु थिए । जेठी रानीबाट कामारीदत्त सेन र अन्य रानीहरूबाट हरकुमारदत्त सेन, कामेश्वरदत्त सेन र जानकी दत्त सेन गरी चार छोराहरु थिए (घिमिरे, वि.सं.२०५६) । राजा त्रिविक्रम सेन द्वितीयले तनहुँ राज्यमा वि.सं.१८२६ सम्म राज्य गरेको देखिन्छ ।

वि.सं.१८२६ को अन्त्यतिर त्रिविक्रम सेन द्वितीयको मृत्यु भएपछि कामारिदत्त सेन तनहुँका राजा भए । कामारीदत्त सेनका वि.सं.१८२७ भाद्रशुक्लसप्तमी रोज २ मा लेखिएका दुईवटा पत्र प्रकाशित छन् ( पन्त, वि.सं.२०३९) । कामारीदत्त सेनले तनहुँ राज्यका तत्कालीन काजी गुरु गुणानन्द पन्तलाई दिइएको पहिलो पत्र विर्ता सम्बन्धी छ भने दोश्रो पत्र रजबन्दकी सम्बन्धित छ । दोश्रो पत्रमा बसन्तपुर थुम एकको १,००० मुरी माटो खेत सिक्का ३१००।- रुपैयाँमा रजबन्दकी दिएको उल्लेख छ । तनहुँ राज्यको आर्थिक अवस्था कमजोर भएकोले राजा कामारीदत्त सेनले रजबन्दकी दिनुपरेको बुझिन्छ । तत्कालीन समयमा राजालाई अर्थ आवश्यकता पर्दा जग्गा रजबन्दकी दिएर रकम लिई राज्यको गर्जो टार्ने गर्दथे ।

## तनहुँ राज्यमा गोरखाको आक्रमण

पृथ्वीनारायण शाहले काठमाडौँ उपत्यका विजय गरिसकेको समयमा सम्म पनि तनहुँ स्वतन्त्र राज्य नै थियो । माथि भनिसकियो तनहुँ राज्यको तराई भूभाग भारतीय भूभागसँग जोडिएको थियो । भारतमा अंग्रेजको शासन भएकोले अंग्रेजहरु तनहुँको चितवन हुँदै काठमाडौँ उपत्यका छिर्ने सम्भावनादेखि पृथ्वीनारायण शाहले तनहुँमाथि आक्रमण गर्ने योजना बनाए । उनले वि.सं.१८२७ फाल्गुणको सुरुमा नै काजी दलजीत र सरदार केहरसिंह बस्न्यातको नेतृत्वमा ५०० जति तालिमी र ९ सय जति बेतालिनी सेनाहरु तनहुँमा आक्रमण गर्न पठाए (भण्डारी, वि.सं.२०३८) । त्यो सेनाले, तनहुँको दाङ, मनपाङ, दुरुङ्चुङ्ग जस्ता सामरिक क्षेत्रहरु कब्जा गरी राजधानी सुरमाथी घेराउ गरे (नरहरीनाथ, वि.सं.२०२२) । गोरखालीले आक्रमण गर्न थालेपछि कामारीदत्त सेनले आफ्ना भाइ हरकुमारदत्तसेनलाई चौबिसी गुट जम्मा गरी ल्याउन पठाए पनि उनले दाजुलाई मद्दत नगरी गोरखालीलाई उक्साएर तनहुँमा आक्रमण गर्न प्रोत्साहन गरे । अर्थात् आफू तनहुँ राज्यको राजा हुने भूमिका खेले (सुवेदी, वि.सं.२०५२) ।

गोरखाली सेनाले आफ्नो राजधानी घेरे पछि केही समय उनले डटेर लडे तर अपराजय बन्दै आएका गोरखाली सेनासँग तनहुँको सेनाले मुकाबिला गर्न सकेन । राज्यलाई शत्रुबाट जोगाउन असम्भव देखेर राजा कामारीदत्त सेनले सेरिएर आत्महत्या गरे (भण्डारी, वि.सं.२०३८) । सम्भवतः राजा कामारीदत्त सेनको विवाह पनि भएको थिएन । त्यसैले उनले आत्महत्या गरी प्राण विसर्जन गरेपछि उनका भाइ हरकुमारदत्त सेन तनहुँ राज्यको राजगद्दिमा बसे ।

हरकुमारदत्त सेन राजा त्रिविक्रम सेन द्वितीयका माहिला छोरा थिए । यिनको जन्म वि.सं.१८१५ मा भएको थियो (पन्त, वि.सं.२०४१) । दाजु कामरीदत्त सेनले आत्महत्या गरेको समयमा यिनी १२ वर्षको मात्र देखिन्छन् । राजा पृथ्वीनारायण शाहले यिनलाई गोरखाको एकीकरण अभियानमा सहयोग गर्ने बचनबद्धता गराएर गोरखासँग 'एकानी शत्रु, एकानी मित्र' को मौखिक सम्झौता गराई गोरखाको आश्रित राज्यको रूपमा तनहुँ राज्यको राजगद्दिमा राखेका थिए । त्यसैले उनलाई राजा नभनी 'माहिला' मात्र भनिन्थ्यो (सुवेदी, वि.सं.२०५२) । त्यस सम्झौता पछि गोरखाको विजय अभियानमा तनहुँले सैनिक सहयोग गर्‍यो ।

## गोरखाको विजयी अभियान र तनहुँ राज्यको अन्त्य

तनहुँका राजा कामारीदत्त सेनले आत्महत्या गरेपछि चौबिसी राज्य लमजुङ, कास्की, पर्वत लगायतका राज्यका शासकहरु सतर्क भए । लमजुङका राजा वीरमर्दन शाहले वि.सं.१८२८ जेष्ठतिर आफ्ना छोरा विरभूपाल शाहलाई काठमाडौँ पठाएर दुई देश बीचका सम्बन्धमा सुधार ल्याई पृथ्वी नारायण शाहको विजयी अभियानमा अवरोध नगर्ने वचन दिएका थिए (आचार्य, वि.सं.२०६३) । यसरी तनहुँ र लमजुङ गोरखाको अधिनमा आएपछि पृथ्वीनारायण शाहको सहास बढ्यो । उनले काली गण्डकीसम्मका राज्यहरु अधिकार गर्ने उद्देश्यले केहरसिंह बस्न्यात र वंशराज पाण्डेको नेतृत्वमा सेना पठाइ चौबिसी राज्यमा आक्रमण गर्न पठाए । ती सेनाले कास्की, नुवाकोट, रिसिङ, घिरिङ, ढोर, गह्रौं, पैयूं जस्ता सबैजसो राज्यलाई गोरखाली सेनाको अगाडि घुँडा टेकाए । भीरकोटको राजाले गोरखालीको अधिपत्य स्वीकार नगरी युद्ध गर्ने नीति लिएकाले भीरकोट अन्तर्गत पर्ने गृहाकोटको युद्धमा भीरकोटको सेनासँगको गोरखाली र तनहुँका संयुक्त सेनासँग युद्ध भयो । युद्धमा भीरकोटको सेना पराजित भयो । त्यो युद्धमा तनहुँको सेनाले भीरकोटको सेनाको साथ दिएको अभियोग लगाई वि.सं.१८२८ जेष्ठ २६ गते केहरसिंह बस्न्यातले तनहुँका ९६ जना सैनिकलाई कटाई दिए (आचार्य, वि.सं.२०६१) । आफ्ना सेनालाई अनाहकमा कटाई दिएपछि हरकुमारदत्त सेन गोरखालीसँग रिसाएर गोरखाको आश्रित राज्यमा नरहने घोषणा गरे । उता पर्वतका राजा कीर्तिवम मल्लले गोरखालीको विरुद्ध चौबिसी राज्यहरुको सेनाको एउटा संयुक्त मोर्चा तयार गरे । यस मोर्चामा पर्वत, तनहुँ, कास्की, लमजुङ, पाल्पा राज्यहरु समावेश थिए । भीरकोट गरहुँ जस्ता साना राज्यहरुले पनि गोरखालीको विरुद्धमा चौबिसी गुटको सेनामा समावेश भए ।

वि.सं.१८२८ पौष ५ गते गोरखाली सेना र चौबिसी सेना बीच सतहुँमा ठुलो युद्ध भयो । युद्धमा ५०० सिपाइका साथै केहरसिंह बस्न्यात मारिए (ज्ञवाली, वि.सं.२०३३) । शत्रु पक्षबाट आएको विषालु काँडा लागेर वंशराज पाण्डे घाइते भए । चौबिसी सेनाले उनलाई समातेर लगी पर्वतको बेनीमा कैद गरी राखे । बाँकी रहेका गोरखाली सेना भागभाग भए । त्यही मौकामा तनहुँ लगायत गोरखालीले जितेको सबै राज्य स्वतन्त्र भयो । गोरखालीहरु शत्रुको घेरामा पर्दा फर्केर गएको गोरखाली सेनालाई राज्यले पदच्यूत र दण्ड समेत गरे । सतहुँको यस युद्धपछि पृथ्वीनारायण शाह आफ्नो पश्चिम विजय अभियानलाई स्थगित गरी पूर्वी विजयी अभियाननतिर लागे । यसै बीच वि.सं.१८३१ माघ १ गते राजा पृथ्वीनारायण शाहको देहावसान भयो । त्यसपछि पृथ्वीनारायण शाहका जेठा छोरा प्रतापसिंह शाह नेपालका राजा भए ।

प्रतापसिंह शाह राजा भएको समयमा तनहुँको चितवन प्रदेशमा पर्ने कपिलासपुर गढी, सोमेश्वर गढी र उपरदाङ गढी नेपाल अधिराज्यमा समावेश भयो ।

यसैबीच वि.सं.१८३४ मार्ग ६ गते २६ वर्षको कलिलो उमेरमा नै राजा प्रतापसिंह शाहको मृत्यु भयो (रेग्मी, ई.१९७५) । उनका अढाई वर्षका छोरा रणबहादुर शाह नेपालको राजगद्दिमा बसे । पृथ्वीनारायण शाहको मृत्युपछि प्रताप सिंह शाह र बहादुर शाह (दाजु भाई) बीच कुरा नमिलेर बहादुर शाह बेतियामा निर्वासित भए । राजा प्रतापसिंह शाहको मृत्युपछि बहादुर शाह बेतियाबाट नेपाल आए । नेपाल आएको केही समय भाउजु राजेन्द्र लक्ष्मी र बहादुर शाहले संयुक्त रूपमा नाबालक राजा रणबहादुर शाहको नायवी चलाए । पछि दरबारियाहरूको कुरा सुनेर देवर भाउजु बीच शंका उपशंका बढ्न थाल्यो र एक अर्कालाई कैद गर्ने सम्मको अवस्था सृजना भयो । यही क्रममा भाउजु राजेन्द्रलक्ष्मीलाई कैद गरी बहादुर शाहले राजकाजको सम्पूर्ण बागडोर आफ्नो हातमा लिएर चौबिसी राज्य विजय गरेर नेपाल अधिराज्यमा मिलाउने अठोट लिए । सर्वप्रथम उनले चौबिसी राज्यमध्ये तनहुँ राज्यलाई नेपाल अधिराज्यमा मिलाउने उद्देश्य लिएर दलजीत शाहको नेतृत्वमा तनहुँमा आक्रमण गर्न सेना पठाए । उक्त सेनाले तनहुँको सबै नाका कब्जा गरेर वि.सं.१८३५ माघ २१ गते तनहुँको राजधानी सुरमा आक्रमण गरी सजिलैसँग कब्जा गरे (नरहरिनाथ, वि.सं.२०२२) । युद्धमा पराजित भएपछि तनहुँका राजा हरकुमारदत्त सेन भागेर पाल्पा पुगे । तनहुँ राज्य जमिन र धनमा सम्पन्न भए पनि सैन्य बलमा भने कमजोर रहेको कुरा यस घटनाबाट स्पष्ट हुन्छ । तनहुँ राज्य जितेपछि त्यहाँको सम्पूर्ण सुरक्षाको जिम्मा बलि बानियाँलाई दिएर दलजित शाह काठमाडौँ फर्किए । तनहुँका राजा हरकुमारदत्त सेनको सहयोगको लागि पाल्पाका राजा मुकुन्द सेन द्वितीयले आफ्ना छोरा शुरवीर सेनको नेतृत्वमा पाल्पाली सेना तनहुँ पठाए भने पर्वतका राजाले पनि आफ्ना सेना तनहुँ पठाए । पाल्पा र पर्वतको संयुक्त सेनाले बलि बानियाँको नेतृत्वमा रहेको नेपाली सेनाहरूमाथि आक्रमण गरी पराजित गरेपछि वि.सं.१८३५ चैत्र ३ मा तनहुँ राज्य पुनः स्वतन्त्र भयो (अधिकारी, वि.सं.२०५५) । तनहुँ राज्यको छिमेकी राज्यहरु लमजुङ, कास्की, पाल्पाका साथै पर्वत राज्यहरुसँग घनिष्ट सम्बन्ध रहेको कारणले गर्दा यी राज्यहरुले गोरखा राज्यमा समायोजन भइसकेको तनहुँ राज्यलाई सैन्य सहयोग गरी फिर्ता गरिदिए ।

बहादुर शाह तनहुँ राज्यमा पुनः आक्रमण गर्नको लागि गोरखामा बसेर सैनिक सङ्गठन गरिरहेको समयमा उता कैदमा रहेकी राजमाता राजेन्द्रलक्ष्मी कैद मुक्त भईन । यो खबर पाएपछि बहादुर शाह राजनैतिक खिचातानीमा आफू कमजोर भएको महशुस गरी फेरी भारत निर्वासित भए । अब राजमाता राजेन्द्रलक्ष्मी नाबालक राजाको नायवी बनेर राज्यको सम्पूर्ण शासनभार आफ्नो हातमा लिइन् ।

राजेन्द्रलक्ष्मी र बहादुर शाहबीचको राजनीतिक खिचातानीले गोरखाको राज्यशक्ति कमजोर भएको ठानी चौबिसी राज्यहरु पाल्पा, लमजुङ, तनहुँ, पर्वत एकजुट भएर गोरखा आक्रमण गर्ने योजना बनाए । चौबिसी राज्यका संयुक्त सेनाका सेनापति तनहुँका गरुडध्वज पन्त थिए । उनको नेतृत्वमा चौबिसीका संयुक्त सेनाले वि.सं.१८३८ माघ २५ गते गोरखाको झिमरेक र सिद्दानचोक आक्रमण गरी नियन्त्रणमा लिए । चौबिसी राज्यको संयुक्त सेनाले गोरखाको भूभागमा आक्रमण गर्दैछ भन्ने खबर पाउना साथ राजमाता राजेन्द्र लक्ष्मी शाहले चौबिसी आक्रमणलाई परास्त गर्ने मुख्य अभिभारा बलभद्र शाह र अमरसिंह थापालाई दिएकी थिइन (थापा, २०७०) । बलभद्र शाह र अमरसिंह थापाको नेतृत्वमा आएको नेपाली सेनाले चौबिसी सेनालाई चिप्लेटी र झिमरेकमा आक्रमण गरी हराएर सिद्दानचोकमा पुगे । सिद्दानचोकमा चौबिसी सेनाका सेनापति गरुडध्वज पन्त सम्पूर्ण सेना लिएर अड्डा जमाएर बसेका थिए ।

नेपाली फौजले १८३८ माघ २५ गते कै दिन सिह्रानचोकमा रहेको चौबिसी सेनामाथि पनि आक्रमण गऱ्यो । यस दोहोरो भिडन्तमा २०० जति चौबिसी सैनिक मारिए । अन्य सैनिक युद्धस्थल छाडी भागाभाग भए । त्यस युद्धमा नेपाली सेनातर्फ १५ जना मारिएका थिए (भण्डारी, वि.सं.२०३८) । सिह्रानचोकको युद्धमा चौबिसी सेनाको पराजयको खबर सुनेपछि सिजुङमा केही सेना लिएर बसेका पाल्पाका सेनापती सुरवीर सेन पनि आफ्नै राज्य फर्किए । यस युद्धमा नेपाली सेनाले चौबिसी राज्यहरूको संयुक्त फौजलाई नराम्रोसँग हराएका थिए । यो युद्धपछि चौबिसी राज्यहरुको मस्ती गल्यो । त्यसैले यस युद्धलाई निर्णायक युद्धको रूपमा हेरिन्छ ।

सिह्रानचोकको युद्धमा चौबिसी राज्यका संयुक्त सेनाको नराम्रो हार, पूर्व विजयपुरमा पुनः सेनराज्यको स्थापना गर्न कस्सिएका ध्वजवीर सेनको मृत्यु, तनहुँको सिजुङमा रहेका पाल्पाका सेनापती सुरवीर सेन स्वदेश फिर्ता आदि कारणले गर्दा तनहुँका राजा हरकुमारदत्त सेन आफ्नै राधजानी तनहुँसुरमा बसिरहन असुरक्षा महशुस गरी लमजुङको राजधानी गाउँशहर गएर बसे । उनको लमजुङ जानुको उद्देश्य आफ्नो भूमि रजबन्दकी राखी केही रकम जम्मा गरेर पुनः सेना संगठन गरी गोरखासँग लड्नु हुँदो हो । उनको वि.सं.१८३८ फाल्गुन सुदि ४ को रजबन्दकी पत्रले पनि यही कुराको पुष्टि गर्दछ । तर उनको उद्देश्य पूरा भएन । तनहुँका राजा हरकुमारदत्त सेन लमजुङको राजधानीमा बसेर सैनिक संगठनका लागि धन संग्रह गर्दैछन् भन्ने थाहा पाए पछि राजमाता राजेन्द्रलक्ष्मीले लमजुङमाथि आक्रमण गर्नको लागि दलमर्दन शाह, वंशराज पाण्डे, दामोदर पाण्डे, जीव शाहको नेतृत्वमा २००० जति सेना पठाइन (अधिकारी, वि.सं.२०५५) । लमजुङमा आक्रमण गर्नुभन्दा अगाडि गोरखालीले तनहुँका भारदार पन्तहरुसँग सम्झौता गरी आफ्नो पक्षमा मिलाएका थिए । सम्झौताअनुसार नेपाली फौज तनहुँको दोरदोरमा आएर बसे (बिष्ट, वि.सं.२०२०) । सम्झौतामा के लेखिएको थियो थाहा भएन । यद्यपी यसबाट नेपाली फौजले आक्रमण नै नगरीकन तनहुँ राज्यलाई नेपाल अधिराज्यमा गाभ्ने बाटो खुल्यो ।

वंशराज पाण्डे, जीव शाह र दलमर्दन शाहको नेतृत्वमा गएको नेपाली सेनाले वि.सं.१८३९ कार्तिक १७ गते चिति र चिसापानी, कार्तिक १८ गते तार्कुघाट कब्जा गर्दै अगाडि बढेर लमजुङको राजधानी गाउँशहर घेरे । यो अवस्थामा परिस्थिति आफ्नो अनुकूल नरहेको महशुस गरी लमजुङका राजा वीरमर्दन शहर उनको आश्रयमा रहेका तनहुँका राजा हरकुमारदत्त सेन त्यहाँबाट भागेर उत्तरतर्फ लागि मनाङ निस्केर हिमाल पार गरी पर्वत, पाल्पा हुँदै तनहुँको जमिन्दारी रहेको रामनगर पुगे (अधिकारी, वि.सं.२०५५) । लमजुङ र तनहुँका राजाहरु एकैसाथ राजधानी छाडेर भागेपछि यी दुवै राज्य वि.सं.१८३९ कार्तिक १८ गते नेपाल अधिराज्यमा एकीकरण भयो । तनहुँ राज्य नेपाल अधिराज्यमा एकीकरण भएपछि स्वतन्त्र राज्यको रुपमा रहेको तनहुँ राज्यको अस्तित्व समाप्त भयो । लमजुङ राज्यबाट नै भागेर आफ्नो जमिन्दारी चम्पारनको रामनगर पुगेका हरकुमारदत्त सेनले केही समयपछि रामनगरमा नै सानो राज्य स्थापना गरी राजा भएर बसे । उनी सहित उनका वंशजले झण्डै सय वर्ष रामनगर राज्यमा शासन गरेको देखिन्छ । तनहुँ राज्यको पतन भएको झण्डै २४२ वर्षपछि पनि त्यस राज्यको राजधानी 'तनहुँसुर' को दरबार परिसरमा सेनकालीन ऐतिहासिक सम्पदाहरु प्रशस्त देख्न सकिन्छ । जस्तै : सेन दरबार, गद्दीचौतरा, सैनिकहरु कवाज खेल्ने टुँडीखेल र तारा हान्ने घर, सेनकालीन तोपहरूका साथै अन्य हातहतियारहरू, सेनराजाहरूले पानी खाने ढुङ्गेधारा, बाइससिढि चौतारा, ढुङ्गे साँगु, इनार, राजाको पालादेखिको सिलिङ्गेको रुख, विष्णु मन्दिर, महादेव मन्दिर, चण्डीमाई मन्दिर, रानी बगैंचा, रानी स्वाँरा आदि रहेका छन् (स्थलगत अवलोकनको आधारमा) । यी ऐतिहासिक सम्पदाहरूले तनहुँमा सेनकालीन समाज र वर्तमान समाजलाई जोड्ने सेतुको काम गरिरहेका छन् ।

**निष्कर्ष**

भृङ्गी सेनले स्थापना गरेको तनहुँ राज्य चौबिसी राज्यहरु बीच महत्वपुर्ण राज्यको रूपमा रहेको थियो । यस राज्यमा भृङ्गी सेनदेखि हरकुमारदत्त सेनसम्म नौ जना राजाहरुले झण्डै २२९ वर्ष राज्य गरेका थिए । यी राजाहरुमा तुलासेनले गोरखाले मिचेको आफ्नो राज्यको भूभाग फिर्ता गर्न उक्त भूभाग माथि आक्रमण गरे । उनी सफल त भएनन् तर तनहुँ राज्य एक्लैले गोरखाको भूभागमा आक्रमण गरेको यो नै पहिलो र अन्तिम प्रयास थियो । अन्य राज्यसँग मैत्री सम्बन्ध स्थापित गराउन सके मात्र आफ्नो राज्य बलियो र सुदृढ हुन्छ भन्ने कुरा तनहुँका राजाहरुले बुझेका थिए । त्यसैले तनहुँ राज्यले छिमेकी राज्यहरु पर्वत, लमजुङ, पाल्पा, कास्कीका साथै उपत्यकाका मल्ल राज्यहरूसँग सम्बन्ध स्थापित गरेका थिए । तनहुँका राजा त्रिविक्रम सेन द्वितीयले पृथ्वीनारायण शाहको विजय अभियानलाई असफल पार्न उपत्यकाका मल्ल राजाहरुलाई सहयोग गरे । इष्ट इण्डिया कम्पनीबाट गोरखाको विरुद्धमा लड्न सैन्य सहयोग प्राप्त गर्ने आशामा इसाई पादरीसँग सम्बन्ध बढाए । लमजुङ र पर्वतसँग मिलेर गोरखामा आक्रमण गरे । तर उनको कुनै कार्य पनि सफल भएन । उनकै जीवनकालमा पृथ्वीनारायण शाहले काठमाडौँ उपत्यकाका तीनवटै राज्य विजय गरे । उनी आफैलाई पनि विश्वासघात गरी पृथ्वीनारायण शाहले नुवाकोट लगेर कैद गरी राखे । अन्तत्वगत्व, उनकै माहिला छोरा हरकुमारदत्त सेनको राज्यकालमा तनहुँराज्य नेपाल अधिराज्यमा एकीकरण भयो । तनहुँ राज्य आर्थिक रूपमा सवल र सामरिक रुपमा बलियो भए पनि सैन्य बलमा कमजोर देखिनु र नेपाल एकीकरण अभियानमा दृढ भएर अगाडि बढेका गोरखा राज्यको बढ्दो शक्ति र कुटनैतिक क्षमता तनहुँ राज्यका शासकहरुले पहिचान गर्न नसक्नु तनहुँ राज्यको पतनका कारणहरू थिए । सेनकालीन तनहुँ दरबार परिसरमा रहेका ऐतिहासिक सम्पदाहरु संरक्षण र सम्बर्द्धनको अभावमा कति हराएर गए, कति नासिएर गए लेखाजोखा नै छैन । बाँकी रहेका सम्पदाहरूको समयमा नै उचित संरक्षण र सम्बर्द्धन गर्न राज्यले ध्यान दिनु पर्ने आवश्यकता देखिन्छ ।

**सन्दर्भ सामग्रीसूची**

अधिकारी, सूर्यमणी (वि.सं.२०४३), *पश्चिम नेपालको ऐतिहासिक अन्वेषण,* नेपाल र एसियाली अनुसन्धान केन्द्र ।
(वि.सं.२०५५), *तनहुँ राज्यको इतिहास,* चन्द्रप्रभा प्रकाशन ।
आचार्य, बाबुराम (ई.१९९७), *तनहुँको सेनवंश. भानुभक्त स्मारक ग्रन्थ,* नेपाल साहित्य सम्मेलन, ६०-७९ ।
(वि.सं.२०६१), *श्री ५ महाराजधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी,* श्री ५ महाराजधिराजको संवाद सचिवालय ।
(वि.सं.२०६३), *नेपालको संक्षिप्त वृतान्त,* श्रीकृष्ण आचार्य ।
आचार्य, ब्रतराज (वि.सं.२०६६), तनहुँको विद्वत परम्परा : केही तथ्य केही संकेत (प्रारम्भ देखि सात सालसम्म). *तनहुँ सन्देश. १* (१), १२-२३ ।
उपाध्याय, अम्बिकाप्रसाद (ई.१९७९), *नेपालको इतिहास र रामनगरको इतिहास,* देवीप्रसाद उपाध्याय ।
उपाध्याय, रामजी (ई.१९५०),*नेपालको इतिहास तथा दिग्दर्शन,* सुब्बा होमनाथ केदारनाथ ।
खनाल, मोहनप्रसाद (वि.सं.२०६१), *सेन राज्यको राजनैतिक इतिहास,* नेपाल र एसियाली अनुसन्धान केन्द्र ।
ज्ञवाली, सूर्यविक्रम (वि.सं.२०३३), *श्री ५ पृथ्वीनारायण शाह (परिवर्तित तथा संशोधित),* नेपाल साहित्य सम्मेलन ।
घिमिरे, विष्णुप्रसाद (वि.सं.२०४५), *पाल्पा राज्यको इतिहास (भाग-१),* पद्मा घिमिरे ।
(वि.सं.२०५६), *पाल्पा राज्यको इतिहास (भाग २),* चितवन अध्ययन केन्द्र ।
थापा (श्रेष्ठ), तिलु (वि.सं.२०७८), *तनहुँको ऐतिहासिक अध्ययन (१६१०-१९०३)* [अप्रकाशित विद्यावारिधि शोध-प्रबन्ध]. त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र विभाग ।
थापा, बिनोद (वि.सं.२०७०), *राष्ट्रिय विभुति अमरसिंह थापा,* राष्ट्रिय विभुति अमरसिंह थापा प्रतिष्ठान ।
पराजुली, कृष्णप्रसाद (सम्पा.) (वि.सं.२०७२), *नेपाली बृहत शब्दकोष,* नेपाल प्रज्ञा प्रतिष्ठान ।
पन्त, दिनेशराज (वि.सं.२०४१), *गोरखाको इतिहास (भाग-१,.* .दिनेशराज पन्त ।

पन्त, महेशराज (वि.सं.२०३९), तनहुँका राजा कामारीदत्त सेनका दुई अप्रकाशित पत्र, *पूर्णिमा,* पूर्णाङ्क ५३, *१४*(१), १० ।

(वि.सं.२०३९), तनहुँका राजा त्रिविक्रम सेनका दश अप्रकाशित पत्र, *पूर्णिमा,* पूर्णाङ्क ५,. *१३*(४), ४७-५१ ।

भण्डारी, देवीप्रसाद (सम्पा.) (वि.सं.२०३८), बाबुराम आचार्यले रचना गर्नु भएको नेपालको संक्षिप्त इतिहास, *पूर्णिमा,* पूर्णाङ्क *१३*(२), १६-२५ ।

योगी, नरहरीनाथ (सम्पा.) (वि.सं.२०२२), *इतिहास प्रकाशमा सन्धीपत्र संग्रह (भाग-१),* आध्यात्मिक सम्मेलन ।

राजवंशी, शंकरमान (सम्पा.) (वि.सं.२०२०), *सेन वंशावली,* पुरातत्व विभाग ।

रेग्मी, डि.आर. (वि.सं.१९७५), *मेडिभल नेपाल,* भोलुम १ (दोस्रो संशोधन), फर्मा के.एल.मुखोपाध्याय ।

रेग्मी, एम.सी. (सम्पा.) (वि.सं.१९७८), *रेग्मी सेरिज, १०*(१०) ।

वज्राचार्य, धनवज्र (सम्पा.) (वि.सं.२०१९), *इतिहास संशोधनको प्रमाण प्रमेय (पहिलो भाग),* जगदम्बा प्रकाशन ।

विष्ट, सोमध्वज (वि.सं.२०२०), *शाही सैनिक इतिहास कारवाही तथा युद्ध,* नारायणजंग शाह र नरेन्द्रंमानसिंह बस्न्यात ।

सुवेदी, राजाराम (वि.सं.२०५२). तनहुँ राज्यबारे खोजी पस्दा. *गरिमा.* पूर्णाङ्क १५६ ।

ह्यामिल्टन, एफ.बी. (ई.१९९७). *एन एकाउण्ट अफ द किङ्डम अफ नेपाल.* एसियन एजुकेशन सर्भिस ।